बैठक संख्या २/१३०

आज मिति २०७९ भाद्र २० गते आईतवारका दिन सूर्यविनायक नगरपालिकाको १३० औं नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री बासुदेव थापाज्यूको अध्यक्षतामा बसी तपसिलमा उल्लेखित विषयका सम्बन्धमा छलफल गरी निर्णय समेत गरियो ।

| क्र.स. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | बासुदेव थापा | प्रमुख | |
| २ | सरिता तिमसिना भट्टराई | उप प्रमुख | |
| ३ | राजेन्द्रप्रसाद कडेल | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | सानुकाजी कायस्थ | वडा अध्यक्ष, वडा नं १ | |
| ५ | प्रदिप कार्की | वडा अध्यक्ष, वडा नं २ | |
| ६ | दिपेन्द्र के.सी. | वडा अध्यक्ष, वडा नं ३ | |
| ७ | लछुराम न्यौपाने | वडा अध्यक्ष, वडा नं ४ | |
| ८ | राजकुमार जोशी | वडा अध्यक्ष, वडा नं ५ | |
| ९ | ईश्वर खड्का | वडा अध्यक्ष, वडा नं ६ | |
| १० | रविन्द्र सापकोटा | वडा अध्यक्ष, वडा नं ७ | |
| ११ | पुष्पराज बस्नेत | वडा अध्यक्ष, वडा नं ८ | |
| १२ | भगवान खत्री | वडा अध्यक्ष, वडा नं ९ | |
| १३ | शिवराम राउत | वडा अध्यक्ष, वडा नं १० | |
| १४ | तारा खतिवडा (सापकोटा) | सदस्य | |
| १५ | कमला पोखरेल | सदस्य | |
| १६ | शर्मिला बस्नेत | सदस्य | |
| १७ | सावित्री मिश्र | सदस्य | |
| १८ | हेमा दहाल (खतिवडा) | सदस्य | |
| १९ | सुमन परियार | सदस्य | |
| २० | प्रजुन तिखत्री | सदस्य | |
| २१ | सुनिल भुजेल | सदस्य | |
| | | | |
| | | | |

**मिति २०७९ भाद्र २० गते नगर कार्यपालिका (१३० औं) बैठकको (कार्यसुची) एजेण्डाहरु:**

१. विषयगत समितिहरुको तर्फबाट भएको निर्णय जानकारी तथा अनुमोदन ।
२. विपद राहत लगायत आर्थिक सहायता तथा पूर्वाधार कार्यक्रम
३. राजस्व परामर्श समितिको सिफारिस अनुमोदन एवं कार्यान्वयन (व्यवसाय दर्ता अभियान संचालन)
४. पूर्वाधार विकास समितिको निर्णय अनुमोदन
५. उद्यमी युवा भेला आयोजना
६. राजस्व सुधार कार्ययोजना स्वीकृत
७. विविध ।

निर्णय नं १

विभिन्न समितिहरुको बैठकबाट सिफारिस गरिएका निर्णयहरुका सन्दर्भमा तपसिलका विषयगतसमितिका तर्फबाट बैठक समक्ष जानकारी भयो

| क.स. | विषयगत समितिको नाम | संयोजक | समितिबाट प्राप्त प्रमुख निर्णय सिफारिस |
|---|---|---|---|
| १ | सामाजिक विकास समिति | राविन्द्र सापकोटा | बाल दिवसको अवसरमा विद्यालय स्तरीय चित्रकला प्रतियोगिता र वकतृत्व कला प्रतियोगिता संचालन एवं पुरस्कार वितरण |
| २ | आर्थिक विकास समिति | पुष्पराज बस्नेत | सहकारी सवेदनशील क्षेत्र भएकोले यस तर्फ विशेष योजना बनाउने<br>पशु शाखा तथा कृषि शाखाका कार्ययोजना अनुसारका कार्यहरु सुचारु गर्ने । |

**निर्णय नं २**

एघारौं नगरसभाबाट विपद व्यवस्थापन कोष, मर्मत संभार कोष र अन्य विभिन्न शिर्षकमा विनियोजित रकमबाट देहाय बमोजिम आर्थिक सहयोग, विपद राहत वितरण, कार्यक्रम संचालन र निर्माण भएका आयोजना मर्मत संभारका लागि देहाय अनुसारको रकम स्वीकृत गर्ने निर्णय गरियो ।

**क. आर्थिक सहयोग र उपचार खर्च**

| क.स. | आयोजना कार्यक्रम र सहयोगको विवरण | ठेगाना वडा नं | स्वीकृत रकम रु. |
|---|---|---|---|
| १ | शान्तिला बुढाथोकी उपचार खर्च | सूनपा | ९९००० |
| २ | रिता नेपाली | वडा नं १ | १०००० |

**ख. पूवाधार तर्फ**

| क.स. | आयोजना कार्यक्रम र सहयोगको विवरण | ठेगाना वडा नं | स्वीकृत रकम रु. |
|---|---|---|---|
| १ | कृषि कार्यक्रम भुक्तानी | भक्तपुर | ९९००० |
| २ | वाणाचौर चौतारो निर्माण | वडा नं ५ | ७००००० |

| | | | |
|---|---|---|---|
| ३ | सडक संरक्षण वाल निर्माण तथा नाली निर्माण | वडा नं ८ | १०००००० |
| ४ | सडक मर्मत सुधार | वडा नं ८ | ४००००० |
| ५ | बाटो मर्मत ग्राभेल | वडा नं ३ | ५००००० |
| ६ | बाटो मर्मत संभार | वडा नं ७ | ७००००० |
| ७ | खानेपानी पाईप | वडा नं २ | ३००००० |
| ८ | नट्रम्मेश्वर महादेव मन्दिर निर्माण | वडा न १० | १०००००० |
| ९ | चौतारो तथा पतिक्षालय नपा अगाडि | सूनपा | ४५.०००० |
| १० | सांगा भो पु क्षेत्रमा बाटो वन वे गर्ने | सूनपा ९ | १०००००० |

ग खेलकुद

| क.स. | कार्यक्रम र सहयोगको विवरण | ठेगाना वडा नं | स्वीकृत रकम रु. |
|---|---|---|---|
| १ | होराईजन युथ इभेन्ट फूट सल | भक्तपुर | १००००० |
| २ | व्याडमिन्टन प्रतियोगिता | वडा न २ | १००००० |
| ३ | व्याडमिन्टन प्रतियोगिता | वडा नं ३ | १००००० |
| ४ | खेलकुद विकास समितिसंग समन्वयमा कार्यक्रम संचालन | सूनपा | ३००००० |
| ५ | बुसिडो फाईट नाईट च्याम्पियनशिप | वडा नं २ | २००००० |

घ विपद सहयोग

| क.स. | विपद विवरण | ठेगाना वडा नं | स्वीकृत रकम रु. |
|---|---|---|---|
| १ | सपना अवाल | भू क्षय | १५००० |

ङ. अन्य कार्यक्रम संचालन

| क.स. | कार्यक्रम र सहयोगको विवरण | ठेगाना वडा नं | स्वीकृत रकम रु. |
|---|---|---|---|
| १ | सूचना सामाग्री प्रशासरण | | ९५००० |
| २ | आयमुलक कार्यक्रम शिलाई | वडा न ५ | ३५०००० |
| ३ | मन्दिर बाद्यवादन समाग्री खरिद भुवनेश्वरी आमा समूह | वडा न ७ | ७५००० |
| ४ | दवाव साप्ताहिक अमर भुजु | भक्तपुर | २०००० |
| ५ | सूचना मुलक सन्देश प्रकाशन तथा प्रशारण | | २५००० |

निर्णय नं ४

राजस्व परामर्श समितिको तर्फबाट सिफारिस भई आएका देहायका बमोजिमका सिफारिसहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं १

*यस आर्थिक वर्षको हालसम्मको राजस्व आन्तरिक असुली विवरण तपसिल बमोजिम भएको व्यहोरा बैठक समक्ष जानकारी भयो ।*

| *क.स.* | *विवरण* | *श्रावण* | *भाद्र* | *जम्मा* |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | गत आ.व.को पहिलो २ महिनाको राजस्व असूली वडा हरु | १४९४०८५३ | १०६५९३१३ | २५६००१६६ |
| २ | गत आ.व.को पहिलो २ महिनाको राजस्व असूली नगरपालिका | ९६२९७७३ | ७४५३६०१ | १७०८३३७४ |
| | गत आ.व.जम्मा | २४५७०६२६ | १८११२९१४ | ४२६८३५४० |
| १ | चालू आ.व.को पहिलो २ महिनाको राजस्व असूली वडा हरु | ८२३४५६० | ४८०७४३५ | १३०४१९९५ |
| २ | चालू आ.व.को पहिलो २ महिनाको राजस्व असूली नगरपालिका | ७३४५६७८ | ५४७८२७५ | १२८२३९५३ |
| | चालू आ.व.जम्मा | १५५८०२३८ | १०२८५७१० | २५८६५९४८ |
| | गत आ.व.को तुलनामा यस आ.व.को असुली घटी रकम | ८९९०३८८ | ७८२७२०४ | १६८१७५९२ |

उपरोक्त तालिका विश्लेषण गर्दा गत आ.व.को तुलनामा यस आ.व.मा राजस्व असुली कार्य न्यून भएको देखिएको छ। विशेष गरि भूमी वर्गिकरणको कार्य प्रकृयामा रहेकाले राजस्व संकलनमा कमि आएको हुदां राजस्व असुलीका वैकल्पिक शिर्षकहरु परिचालन गर्नुपर्ने भएको छ।

**निर्णय नं २**

सूर्यविनायक नगरपालिकाको आय ठेक्का बोलपत्र पेश गर्नका लागि मिति २०७९।४।२ गते प्रकाशित सूचना बमोजिम यस कार्यालयमा पेश हुन आएका बोलपत्र मुल्याकन हुदां तपसिलका फर्महरुको बोलपत्र स्वीकृत भई ठेक्का सम्झौता गर्ने कार्य कार्यान्वयन भएको व्यहोरा बैठक समक्ष जानकारी भयो।

| क्र.सं. | आय ठेक्का नं. र विवरण | सिफारिस भई आएका फर्म आवेदक | कबोल अंक भ्याट बाहेक |
|---|---|---|---|
| १ | १/२०७९/८० – सूनपा भित्र कवडी कर संकलन | मारुती ढुवानी सेवा प्रा.लि.काठमाण्डौ | ने.रु १५,००,००१ |
| २ | २/२०७९/८० – सांगाको झो.पु.प्रवेश शुल्क तथा टहराहरुको विटौरी शुल्क असुली | रविचन्द्र कन्सट्रक्सन रामेछाप | ने.रु ३१,९०,२६६ |
| ३ | ३/२०७९/८० – सूनपा क्षेत्र भित्र विज्ञापन कर संकलन | युनिवर्सल एडभरटाईसजिगं प्रा.लि काठमाण्डौ | ने.रु ५२,०४,९९९ |

निर्णय नं ३

३ महिनासम्म संचालन हुने व्यवसाय दर्ता अभियानका क्रममा दर्ता हुन आउने व्यवसायीहरुलाई प्रोत्साहन स्वरुप आ.व.२०७४।७५ देखिको नियमित राजस्व लिई जरीवाना मिनाहा गर्नका लागि कार्यपालिका समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं ४

सूर्यविनायक नगरपालिकाको एघारौ अधिवेशनबाट पारित भएको नीति तथा कार्यक्रम एवं बजेट वक्तव्य मार्फत व्यवसाय दर्ता अभियान शुरु गरि थप ९०० वटा व्यवसायहरुलाई राजस्वको दायरामा ल्याउने प्रावधान रहेको र सो कार्यका लागि बजेट समेत विनियोजन भएको सन्दर्भमा देहाय बमोजिम व्यवसाय दर्ता अभियान संचालन गर्ने व्यवस्थाका लागि कार्यपालिका समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

**क. व्यवसाय दर्ता अभियानको देहाय बमोजिमको कार्य योजना स्वीकृत गर्ने ।**

२०७९।०५।२० गते राजस्व परामर्श समितिको बैठक बसी यस कार्ययोजनालाई स्वीकृत गर्ने ।

- नगर कार्यपालिका सदस्य, नगरसभा सदस्य एवं सम्बन्धित कर्मचारीहरुलाई व्यवसाय दर्ता अभियानका सम्बन्धमा विज्ञ प्रशिक्षकबाट १ दिने अभिमुखीकरण कार्यक्रम संचालन गरिने छ ।
- कार्ययोजना अनुसार व्यवसाय दर्ता अभियान संचालन हुने सम्बन्धमा पत्र पत्रिका, फेसबुक पेज, एफ.एम रेडियो तथा अन्य संचार माध्यमबाट आम नगरबासीहरुमा जानकारी गराईने छ ।
- नगर स्तरीय उद्योग वाणिज्य संघ समन्वयमा व्यवसायीहरुसंग अभियानका विषयमा १ दिने छलफल तथा अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने ।
- अभियानका क्रममा दर्ता हुने व्यवसायीहरुलाई आ.व. २०७४।७५ देखिको वार्षिक कर मात्र लिई उक्त आ.व.हरुको जरीवाना रकम मिनाहा गरिने छ । गत विगत आ.व.देखि नवीकरण नगरेका व्यवसायीहरुको हकमा समेत यही व्यवस्था लागू गरिने छ । जरीवाना छुट सम्बन्धी विषयको जानकारीको लागि सबै संचार माध्यम प्रयोग गरिने छ ।
- यो अभियान मिति २०७९ भाद्र ..... देखि शुरु गरी ३ महिनासम्म संचालन गरिने छ ।
- अभियान संचालनका लागि नगर प्रहरीहरुको समूह निर्माण गरिने छ । अनुसुचि १ बमोजिमको ढांचामा व्यसायीलाई भपाई गराई पत्र बुझाउने कार्यका लागि नगर प्रहरीलाई परिचालन गरिने छ ।
- पत्र बुझाईएको विवरण अनुसार तोकिएको मितिमा कार्यालयमा सम्पर्क नगर्ने व्यवसायीको विवरण तयार गरिने छ र उक्त व्यवसायहरुलाई अनुसुचि २ बमोजिमको ताकेता पत्र बुझाइने छ ।

- यसरी ताकेता पत्र बुझाउन जादाँ नगरपालिकाको तोकिएको कर्मचारी एवं सम्बन्धित वडाको निर्वाचित वडा वा कार्यपालिका सदस्यको रोहवरमा पत्र बुझाईने छ ।
- ताकेता पत्र बुझाउदा समेत व्यवसाय दर्ता गर्न नआउनेको हकमा नगर उप प्रमुखको नेतृत्व देहाय बमोजिमको टोली सम्बन्धित व्यवसाय स्थलमा नै गई कारबाही सम्बन्धी पत्र बुझाईने छ ।

  तपसिल

  नगर उप प्रमुख

  राजस्व शाखा प्रमुख

  बजार अनुगमन शाखा प्रमुख

  नगर प्रहरी प्रमुख

  स्थानीय प्रहरी ईकाईको प्रमुख
- वडाका निर्वाचित सबै पदाधिकारीहरुलाई सम्बन्धित वडाको अभियानमा सहभागी गराईने ।
- प्रत्येक दिन बुझाईएको पत्रको विवरणका आधारमा व्यवसाय दर्ता गर्न आउने व्यवसायीको विवरण, ताकेता पत्र बुझाईएको विवरण र अभियानका क्रममा दर्ता भएका व्यवसाय एवं राजस्व असुलीको विवरण पत्र बुझाउनका लागि खटिने नगर प्रहरी एवं व्यवसाय दर्ता उप शाखा प्रमुखबाट प्रत्येक दिन दिनको ४ बजेभित्र सूचना प्रविधि अधिकृतबाट सूचना संकलन गर्नुपर्नेछ ।
- सूचना प्रविधि अधिकृतले प्रत्येक दिनको सूचनालाई एकीकृत गरी नगरपालिका प्रवक्ता, प्रमुख प्रशासकीय अधिकृत एवं नगर उप प्रमुख समक्ष पेश गर्नुपर्ने ।

**ख. व्यवसाय दर्ता अभियान सम्बन्धी देहाय बमोजिमको जानकारीमूलक ब्रसर प्रकाशित गर्ने**

**परिचयः**

नेपालको संविधानको अनुसुचि ८ मा स्थानीय तहलाई २२ वटा एकल अधिकारहरु प्रदान गरिएका छन । सोही अनुसुचिको बुदाँ नं ३ मा नगरपालिका क्षेत्रभित्र भित्र संचालन हुने सबै प्रकारका व्यवसायहरु दर्ता गर्नुपर्ने प्रावधान रहेको छ । स्थानीय सरकार संचालन ऐनमा नगरपालिका भित्र रहेका सबै प्रकारका व्यवसायहरु दर्ता एवं सूचिकरण हुनपर्ने स्पष्ट व्यवस्था रहेको छ । नगरपालिकाको आर्थिक ऐन २०७९ मा नगरपालिका भित्र रहेको व्यवसायहरु दर्ताको प्रावधान तथा दर्ता एवं नवीकरण वापत लाग्ने राजस्वका दरहरु समेत निर्धारण गरिएका छन । नगरसभाको एघारौ अधिवेशनबाट परित नीति तथा कार्यक्रममा समेत व्यवसाय दर्ता अभियान संचालन गरि नगरपालिका क्षेत्रमा संचालित सबै प्रकारका व्यवसायहरुलाई राजस्वको दायरामा ल्याउने विषय उल्लेख भएको छ । प्रचलित कानून बमोजिम यस नगरपालिकाबाट नीतिलाई कार्यान्वयन गर्ने शिलशिलामा यो व्यवसाय दर्ता अभियान संचालन गरिएको हो ।

**व्यवसाय दर्ता अभियान के हो**

नगर पालिकाको भौतिक र मानवीय स्रोत परिचालन गरि सहज र सरल प्रकृयाबाट निश्चित समया अवधि भित्र दर्ता हुन बाँकी सबै प्रकारका व्यवसायलाई दर्ता गरि करको दायराभित्र ल्याउने अभियान नै व्यवसाय दर्ता अभियान हो ।

**व्यवसाय दर्ता अभियान कहिले देखि कहिले सम्म संचालन हुन्छ**

व्यवसाय दर्ता अभियान २०७९ भाद्र २५ बाट शुरु भई २०७९ मंसिर मसान्तसम्म जारी रहने छ ।

**व्यसाय दर्ता अभियान कसरी संचालन हुन्छ**

व्यवसाय दर्ता अभियान सम्बन्धमा व्यापक प्रचार प्रसार गरिएको छ । प्रत्येक वडा कार्यालयबाट आधिकारिक रुपमा दर्ता हुन आउन आव्हान सहितको सूचना जारी हुने छ । यस नगरपालिकामा संचालित प्रत्येक व्यवसायीसम्म नगरपालिकाको कर्मचारी पुग्ने र उक्त व्यवसायलाई दर्ता हुन आउनका लागि पत्र बुझाईने छ ।

**अभियानका क्रममा व्यवसाय दर्ता गर्दा हुने लाभ**

नगरपालिकाले संचालन गर्ने यस अभियानका क्रममा दर्ता हुने व्यवसायीहरुलाई गत विगत वर्षको जरीवाना रकममा छुट दिने निर्णय भएको छ अत: अभियानका क्रममा दर्ता हुदां नियमित राजस्व मात्र बुझाएर दर्ता गर्न सकिने भएकोले व्यवसायीलाई यसबाट आर्थिक लाभ समेत हुनेछ ।

**व्यवसाय नगरपालिकामा दर्ता नगर्दा के हुन्छ**

यो नगरपालिका आम जनताको सरोकार राख्ने सबै विषयसंग प्रत्यक्ष जोडिएको स्थानीय सरकार हो । स्थानीय सरकारको कार्यक्षेत्र भित्र दर्ता वा अनुमति नलिई कुनैपनि व्यवसाय संचालन गर्नु गैर कानूनी हो तसर्थ कानून बमोजिम दर्ता नहुदा राज्यको तर्फबाट प्रदान गरिने सबै सेवा सुविधाबाट व्यवसाय संचालन गर्ने व्यक्ती वंचित हुनबाट बच्नका लागि व्यवसाय दर्ता गर्नै पर्दछ । त्यसै गरि कुनै दुर्घटना हुदां बीमा कम्पनी, बैंक एवं अन्य निकायहरुलाई गर्नुपर्ने सिफारिस समेत दर्ता नभएका व्यवसायको हकमा गरिने छैन ।

**कम्पनी रजिष्टार र घरेलुमा दर्ता भई सकेपछि पनि नगरपालिकामा किन दर्ता हुने**

नगरपालिका स्थानीय सरकार हो । यसले व्यवसाय दर्ताको मात्र नभई आम जनतासंग सम्बन्धित सबै प्रकारका कार्यहरु गर्दछ । नगरपालिको वडाबाट नेपालका सबै मन्त्रालयसंग सम्बन्धित ६३ प्रकारका सिफारिसहरु गरिन्छन । जसरी यहाँ जन्मेका सबै नागरिकहरुको अभिलेख यहाँ राखिन्छ त्यसै गरि यहाँ संचालित हरेक व्यवसायको अभिलेख नगरपालिकासंग हुनै पर्दछ । कम्पनी रजिष्टारको कार्यालयबाट प्रदान गरिने प्रमाणपत्रमा नै यो व्यवसाय संचालन अनुमति होईन व्यवसाय संचालन पूर्व सम्बन्धित निकायको अनुमति लिने पर्ने विषय उल्लेख गरिएबाट पनि स्पष्ट हुन्छ कि स्थानीय पालिकामा व्यवसाय दर्ता हुनै पर्दछ ।

**नगरपालिकामा कर तिरेर के फाईदा भएको छ**

राज्य संचालनको प्रमुख आधार कर नै हो । विभिन्न क्षेत्रबाट उठेको करबाट नै विकास निर्माण तथा सामाजिक क्षेत्रमा लगानी हुने हो । सडक पूर्वाधार निर्माण, खानेपानी, कृषि, पर्यटन र अन्य सबै सेवामुलक क्रियाक्यापहरु कर कै माध्यमबाट संचालन हुने हुदां हरेक व्यवसायीले तिरेको कर नै नगरपालिका विकासको भर हो ।

**राजस्व छुट सहितको अभियानमा समेत दर्ता नगर्ने व्यवसायीलाई के हुन्छ**

नगरपालिकाले एक पटकको लागि जरीवाना छुटको प्रावधान सहित व्यवसाय दर्ता अभियान संचालन गरेको छ । यस अभियान अन्तर्गत नगरपालिकाको लिखित पत्र प्रत्येक व्यवसायीसम्म पुग्ने छ । यसरी नगरपालिका स्वयं व्यवसायीकोमा पुगेर अनुरोध गर्दा समेत अटेर गरि व्यवसाय दर्ता नगर्ने व्यवसायीहरुलाई तत्काल कानून बमोजिम कारवाही गरिने छ ।

**व्यवसाय दर्ता कहाँ र कसरी गर्न सकिन्छ**

रु.५ लाख भन्दा कम पूँजी भएका व्यवसायहरु वडा कार्यालयमा नै दर्ता हुने व्यवस्था रहेको छ भने रु.५ लाख भन्दा बढी पूँजी भएको व्यवसायको हकमा तपसिल बमोजिमको विवरण सहित नगरपालिकाको कार्यालयमा निवेदन दिनुपर्ने छ

१. तोकिएको ढाँचा बमोजिमको निवेदन,
२. निवेदकको नागरिकताको प्रतिलिपी, पासपोर्ट साईजको फोटो २ प्रति
४. अन्य निकायमा व्यवसाय दर्ता गरेको भए सोको दर्ता प्रमाण पत्रको प्रलिलिपी ,
५. PAN VAT दर्ता गरेको भए सोको प्रमाण पत्र प्रतिलिपी ,
६. पसल व्यसाय भाडा बसेको भएमा घरभाडाको सम्झौता र जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपी,
७. व्यवसाय दर्ताको लागि नियमानुसार लाग्ने राजस्व रकम ।
८. रु.५ लाख सम्म पूँजी भएको व्यवसाय वडा कार्यालयमा नै दर्ता गर्ने र सो भन्दा बढी पूँजी भएका व्यवसायको हकमा सम्बन्धित वडा कार्यालयको सिफारिस । वातावरणीय हिसाबले जोखिम हुन सक्ने व्यवसायको हकमा वडा कार्यालयको रोहवरमा भएको मुचुल्का ।

**समृद्ध नगरपालिका निर्माणको महाअभियानमा सवै व्यवसायीहरुमा नगरपालिको अनुरोध**

- नगरपालिका एउटा सरकार हो सरकारले गरेको निर्णय मान्नु सवै नागरिकको कर्त्तव्य हो
- यो नगर तपाई हामी सबैको हो , तपाईको पसल दर्ताबाट तपाईले तिर्नु भएको रकमले मात्र केही हुन्न तर सवैले तिरेमा शित उवाउदा घैला भरिन सक्छ र हामी ठूलो काम पनि गर्न सक्छौ
- जसरी एउटा बच्चा जन्मे पछि उसको जन्म दर्ता हुन्छ त्यसै गरी व्यवसाय पनि दर्ता हुनु पर्दछ , नगरलाई थाह हुनु आवश्यक छ कि कति व्यवसायहरु यहां छन
- अन्त जहां दर्ता गरिए पनि यो स्थानीय तह हाम्रो घर नजिकको सरकार हो यहा दर्ता अनिवार्य छ
- दर्ता सगै यहाका सेवा सुविधाहरु जानी नजानी तपाई हरुले पाई रहनु भएको छ ।
- हामीले उठाएको रकम घुमी फिरी तपाईकोमा नै आई रहेको छ , यहाको सडक सुधार , खानेपानी , विद्यालय , मठ मन्दिर आदी सवै सवै तिनै रकमबाट बनेका हुन
- तपाईको नगरमा जतिपनि योजनाहरु कार्यान्वयमा छन सवैको स्रोत हामीले बुझाएका प्रत्यक्ष र अप्रत्यक्ष राजस्व नै हुन

- हामीले अहिले सजिलो किसिमबाट तपाईको घरमा आएर तपाईलाई अनुरोध गरि रकेका छौ यो यहाहरुको लागि राम्रो मौका हुन सक्छ यति बेला तपाईको जरीवाना पनि छुट दिने भनिएको छ ।
- नगरपालिकाको राजस्व परिचालनका सम्बन्धमा यहाँ हरुको केही सुझाव, सल्लाह र गुनासो भएका हामी स्वागत गर्दछौ ।

सूर्यविनायक नगरपालिका

## तपाई हाम्रो कर, नगर विकासको भर

**निर्णय नं ४**

पूर्वाधार विकास समितिबाट विभिन्न मितिमा भएका बैठक निर्णय अनुमोदन गरि निर्णयानुसार कार्यान्वयनको व्यवस्था मिलाउन सचिवालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय न.५**

नगरसभाको एघारौ अधिवेशनबाट पारित नीति तथा कार्यक्रममा उद्यमशीलता, उत्पादन वृद्धि र रोजगार: समृद्ध नगर निर्माणको आधार भन्ने नारा अघि बढाईएको छ । आ.व.२०७९।८० को लागि स्वीकृत बजेट तथा कार्यक्रममा उद्योग, उद्यमशीलता र रोजगारी भन्ने शिर्षकमा अवसर पाए केही गर्छु भन्ने युवा महिला तथा पुरुषहरुलाई दक्ष र सीपयुक्त बनाई रोजगारीको सुनिश्चितताका लागि सरकारी तथा गैर सरकारी क्षेत्रको समन्वयमा कार्यक्रम संचालन गर्नका लागि बजेट समेत विनियोजन गरिएको छ । नगरसभा र बार्षिक बजेट तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने क्रममा यस नगरपालिका भित्र व्यवासाय गरि रहेका र व्यसाय गर्न ईच्छुक युवा महिला तथा पुरुषहरुको वृहत भेला आयोजना गरी उद्यम विकास कार्ययोजना निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

बागमती प्रदेश सरकार अन्तर्गत प्रदेश सुशासन केन्द्रको आर्थिक तथा प्राविधिक सहयोगमा तयार भएको राजस्व सुधार कार्ययोजना स्वीकृत गरी उक्त कार्ययोजना अनुरुप राजस्व क्षेत्रको विकास र सुधारका कार्यहरु अगाडि बढाउन सचिवालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ७**

यस नगरपालिकाको वडा नं ९ सूर्यमोड स्थित सामुदायिक भवनलाई व्यवसायिक प्रयोजन एव सार्वजनिक शौचालयको रुपमा प्रयोग गर्न नगरपालिकाको सूचना पाटी, नगरपालिकाको वेवसाईट एव सम्वन्धित वडा कार्यालयमा १५ दिने सूचना प्रकाशित गरी कार्यालयले तोके बमोजिको ढाँचामा प्रस्ताव माग गर्न स्वीकृतिका लागि कार्यपालिका समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं ८**

सूर्यविनायक नगर अस्पताल जगातीमा करार सेवामा कार्यरत कर्मचारीहरु मध्ये ६ महिना अवधि पुगेकाहरुलाई १ महिनाको चाडवाड खर्च उपलब्ध गराउने निर्णय गरियो ।